नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान कार्यालय बुटवलबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी उच्च अदालत तुल्सीपुर बुटवल ईजलास, बुटवलमा मिति २०७९।०९।१३ गते मुद्दा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**
जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ३, स्थायी ठेगाना भईजिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ६, गल्लामण्डीमा संचालित सुमित एण्ड स्वयता ट्रेडर्स (स्था.ले.नं. ३०२९५१०२६) का प्रोप्राइटर पूनित बनिया ।

२. **कसुरको संक्षिप्त विवरणः**
प्रतिवादीले आफ्नो नाममा दर्ता भएको फर्मको आय विवरण र सो बमोजिमको कर योग्य आयमा लाग्ने कर रकम समेत सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेमा सो बमोजिम नगरी Non filer रही अन्य विभिन्न फर्म प्रयोग गरी अवैध तवरले केही समय कारोबार गर्ने गरेको र उक्त फर्मले बुझाउनुपर्ने राजस्व नबुझाई अर्को फर्मबाट समेत कारोबार गरेको देखिदा निजले जानाजान गलत नियतले कारोबार लुकाउने उद्देश्यले विभिन्न फर्म सञ्चालन गरी नेपाल सरकारलाई नियमानुसार तिर्नु बुझाउनु पर्ने राजस्व नबुझाई निरन्तर एक पछि अर्को फर्मबाट कारोबार गर्दै आइरहेको र निजले कर कार्यालयलाई समेत गुमराहमा राख्र नितान्त राजस्व छल्ने नियतले कार्य गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संसोधन सहित) को दफा ३ र ४ बमोजिमको राजस्व चुहावटको कसुर गरेको ।

३. **कायम भएको विगो र सजायको मागदाविः**
सुमित एण्ड स्वयता ट्रेडर्स (स्था.ले.नं. ३०२९५१०२६) का प्रोप्राईटर पूनित बानियाले गरेको उपरोक्त कार्य, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ को खण्ड (क) र (झ) बमोजिमको राजस्व चुहावटको कसूर अपराध गरेको पुष्टी हुन आएकोले बिगो रु.३३,०३,५०,८९६।०० (अक्षरुपीः तैंत्तिस करोड तिन लाख पचास हजार आठसय छ्यानब्बे रुपैयाँ मात्र) बिगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (प्रथम संशोधन) को दफा २३(१) बमोजिम बिगो असुल उपर गरी ऐ.ऐनको दफा २३(१) बमोजिमशत प्रतिशत जरिवाना र ऐ.ऐनको दफा २३(१)(घ) बमोजिम हदै सम्मको कैद सजाय माग दाबी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | पूनित बानिया | ३३,०३,५०,८९६।- | ३३,०३,५०,८९६।- | ६६,०७,०१,७९२।- |

सूचना अधिकारी
राजस्व अनुसन्धान विभाग